# थुलुङ दुधकोशी राजपत्र

**थुलुङ दुधकोशी गाउँपालिका, सोलुखुम्बुद्वारा प्रकाशित**

**खण्डः ८, संख्याः १, थुलुङ दुधकोशी गाउँपालिका, मितिः२०८१/१०/२३**


**भाग १**

थुलुङ दुधकोशी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, मुक्ली, सोलुखुम्बु

## थुलुङ दुधकोशी प्रज्ञा प्रतिष्ठान ऐन, २०८१

*गाउँसभाबाट पारित मितिः २०८१/१०/२३*

**प्रस्तावनाः** थुलुङ दुधकोशी प्रज्ञा प्रतिष्ठान यस थुलुङ दुधकोशी गाउँपालिका भित्र बोलिने विभिन्न भाषा, साहित्य, दर्शनशास्त्र, सँस्कृति तथा सामाजिकशास्त्र सम्बन्धि अध्ययन-अन्वेषण गर्न, मौलिक सृजनात्मक वातावरणको निर्माण गर्न, विद्वान एवं प्रतिभाहरुको सम्मान गर्न सृजनात्मक चिन्तन र रचनात्मक कार्यमा जनताको सर्वाङ्गीण सहभागीता जुटाउन स्थानिय आवश्यकता अनुसार प्राज्ञिक गतिविधिहरु सञ्चालन गर्न स्थापित एक स्थानिय प्रतिष्ठित संस्था हो। थुलुङ दुधकोशी गाउँपालिकाको भाषा, साहित्य, संस्कृति, रितिरिवाज, नाट्य, संगीत क्षेत्रको संरक्षण, संवर्द्धन र आवश्यक व्यवस्था गर्ने प्रयोजनका लागि एउटा गाउँपालिका स्तरिय प्रज्ञा प्रतिष्ठान स्थापना गठन गर्न वाञ्छनीय भएकोले नेपालको संविधान २०७२ को धारा २२६ स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उप दफा १ को (ञ) बमोजिम थुलुङ दुधकोशी गाउँपालिकाले यो ऐन बनाएको छ।

### परिच्छेद-१

### प्रारम्भिकः

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यस ऐनको नाम थुलुङ दुधकोशी प्रज्ञा प्रतिष्ठान ऐन, २०८१ रहेको छ।

(ख) यो ऐन तुरुन्त प्रारम्भ हुने छ।

२. **परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “प्रज्ञा प्रतिष्ठान” भनिने दफा ३ बमोजिम थुलुङ दुधकोशी प्रज्ञा प्रतिष्ठानलाई सम्झनु पर्दछ।

(ख) “प्रज्ञा समिति” भनिने दफा ७ बमोजिम गठित समिति लाई सम्झनु पर्दछ।

(ग) “गाउँपालिका” भन्नाले थुलुङ दुधकोशी गाउँपालिकालाई सम्झनु पर्दछ।

(घ) “प्रमुख संरक्षक” भन्नाले थुलुङ दुधकोशी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

(ङ) “संरक्षक” भन्नाले थुलुङ दुधकोशी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ।

(च) “प्राज्ञ संयोजक” भन्नाले थुलुङ दुधकोशी प्रज्ञा प्रतिष्ठानको प्राज्ञ संयोजकलाई सम्झनु पर्दछ।

(छ) ‘‘पदाधिकारी” भन्नाले थुलुङ दुधकोशी प्रज्ञा प्रतिष्ठानका प्राज्ञ संयोजक तथा प्राज्ञ सदस्यलाई सम्झनु पर्दछ।

(ज) ‘‘भाषा” भन्नाले नेपालमा मातृभाषाको रुपमा बोलिने सम्पुर्ण राष्ट्रभाषालाई सम्झनु पर्नेछ।

(झ) ‘‘तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

## परिच्छेद-२

## थुलुङ दुधकोशी प्रज्ञा प्रतिष्ठानको स्थापना काम, कर्तव्य र अधिकारः

### ३. थुलुङ दुधकोशी प्रज्ञा प्रतिष्ठानको स्थापनाः

(१) गाउँपालिका भित्र रहेका भाषा साहित्य, ललितकला, गीत संगीत, ज्ञानविज्ञान तथा संस्कृतिको अध्ययन, अनुसन्धान, संरक्षण, संवर्द्धन र विकासका लागी थुलुङ दुधकोशी प्रज्ञा प्रतिष्ठानको स्थापना गरी सञ्चालमा ल्याइने छ।

(२) थुलुङ दुधकोशी प्रज्ञा प्रतिष्ठानको कार्यालय थुलुङ दुधकोशी गाउँपालिकाको कार्यालय ६ नं. वडा मुक्लीमा रहने छ।

### ४. थुलुङ दुधकोशी प्रज्ञा प्रतिष्ठान स्वतन्त्र र अधिकार सम्पन्न हुनेः

(१) थुलुङ दुधकोशी प्रज्ञा प्रतिष्ठानले गाउँसभाबाट पारित निति र बजेटको सिमा भित्र रही स्वीकृत कार्यक्रम कार्यान्वयन गर्न सक्ने पालिका भित्रको अङ्ग हुने छ। यो एक स्वतन्त्र र अधिकार सम्पन्न थुलुङ दुधकोशी प्रज्ञा प्रतिष्ठानको रुपमा रहने छ।

(२) थुलुङ दुधकोशी प्रज्ञा प्रतिष्ठानले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न उपयोग गर्न बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्ने छ।

(३) थुलुङ दुधकोशी प्रज्ञा प्रतिष्ठानले व्यक्तिसरह आफ्नो नामबाट नालिस उजुर गर्न र थुलुङ दुधकोशी प्रज्ञा प्रतिष्ठान उपर पनि नालिस उजुर लाग्न सक्ने छ।

(४) थुलुङ दुधकोशी प्रज्ञा प्रतिष्ठानले व्यक्तिसरह करार गर्न करारबमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ।

५. <u>**थुलुङ दुधकोशी प्रज्ञा प्रतिष्ठानको काम, कर्तव्य र अधिकारहरुः**</u> यस ऐनमा अन्यत्र काम, कर्तव्य र अधिकारको अतिरिक्त थुलुङ दुधकोशी प्रज्ञा प्रतिष्ठानको काम, कर्तव्य र अधिकारहरु देहायबमोजिम हुने छनः

(१) थुलुङ दुधकोशी प्रज्ञा प्रतिष्ठानको निति तथा कार्यक्रम तर्जुमा गर्ने।

(२) गाउँपालिकाभित्र रहेका भाषा, साहित्य, ललितकला, हस्तकला, लोककला, वास्तुकला,चित्रकला मुर्तिकला, गीत-सङ्गित, नाटक, ज्ञान-विज्ञान तथा संस्कृतिको अध्ययन, अनुसन्धान, संरक्षण, संवर्द्धन र विकासका लागी कार्यक्रमहरु सञ्चालन गर्ने।

(३) गाउँपालिका क्षेत्र भित्रका स्रष्टाहरुका सृजना प्रकाशन तथा प्रदर्शनी र मञ्चनका लागी प्रोत्साहन गर्ने।

(४) गाउँपालिका भित्रका साहित्यकार, कलाकार का साहित्यिक कृति तथा कलाकृतिहरु निश्चित प्रति खरिद गरी प्रोत्साहन गर्ने।

(५) स्वदेशी तथा विदेशी साहित्यिक कृतिहरु सहयोग/उपहार स्वरुप ग्रहण गर्ने।

(६) गाउँपालिका क्षेत्र भित्रका सामुदायिक पुस्तकालयहरुलाई व्यवस्थित रुपमा सञ्चालनका लागी प्रोत्साहन गर्ने।

(७) गाउँपालिका भित्र रहेका कला तथा साहित्यिक संस्थाहरु गाउँपालिकामा दर्ता नविकरण र सुचिकरण गर्ने।

(८) कला तथा साहित्यिक संस्थाहरुको अनुगमन र मुल्याङकनमा नियामक भुमिका निर्वाह गर्ने।

(९) नेपाल प्रज्ञा-प्रतिष्ठान, नेपाल संगीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान लगायत अन्य प्रदेश पालिका तथा संघिय सरकार लगायत सरोकारवाला संस्थाहरु सँग समन्वय र सहकार्य गर्ने।

(१०)भाषा, साहित्य, संस्कृति, ललितकला, गीत संगित, नाटक, सामाजिकशास्त्र, दर्शनशास्त्र, ज्ञान-विज्ञान आदी विविध विषयको खोज अनुसन्धान अन्वेषण गर्न लेखनवृति प्रदान गर्ने।

(११)विद्यालय तथा महाविद्यालयहरुसँग सहकार्य गरी विद्यार्थीहरुलाई भाषा, ललितकला, साहित्य, संस्कृतिसँग सम्वन्धित विषयमा शोध कार्यका लागी प्रोत्साहन गर्ने।

(१२)गाउँपालिकाका विविध भाषाका कृति र विदेशी भाषामा लेखिएका साहित्यिक कृतिहरुको अनुवादका लागी प्रोत्साहन गर्ने।

(१३)भाषा, साहित्य, ललितकला, गीत संगित, नाटक, ज्ञान-विज्ञान लगायतका संस्कृति सम्वन्धि राष्ट्रिय अन्तराष्ट्रिय सभा सम्मेलन गोष्ठीमा सहभागीता जनाउने एवं स्थानिय स्तरमा सभा सम्मेलन गोष्ठि सञ्चालन गर्ने।

(१४)गाउँपालिकाका विभिन्न जातजाति,धर्म,सम्प्रदायका सांस्कृतिक पहिचान झल्कने प्रर्दशनी कक्ष र संग्राहलय निर्माण गर्ने।

(१५)साहित्य कला संस्कृति क्षेत्रको साधनामा लागेर विशिष्ट पहिचान बनाएका स्रष्टाहरुलाई सम्मान गर्ने।

(१६)लोपोन्मुख भाषा,संस्कृतिको संरक्षण गर्ने।

(१७)स्थानिय ललितकलाको संरक्षण र संवर्द्धन गर्ने।

(१८)गाउँपालिका स्तरिय कलादिर्घा। गृह (आर्ट ग्यालरी) निर्माण गर्ने।

(१९)खुल्ला संग्राहलय,पार्क,स्मारक,मुर्तीकला वगैंचा निर्माण गर्ने।

(२०)प्रज्ञा समितिले पारित गरेका भाषा साहित्य ललितकला संगीत नाट्य र संस्कृति सम्वन्धी अन्य कार्य गर्ने।

## परिच्छेद-३

## थुलुङ दुधकोशी प्रज्ञा प्रतिष्ठानको संरचनाः

**६.थुलुङ दुधकोशी प्रज्ञा प्रतिष्ठानको संरचनाः** थुलुङ दुधकोशी प्रज्ञा प्रतिष्ठानको संरचना देहायबमोजिम हुनेछः

(क) प्रज्ञा समिति

**७. थुलुङ दुधकोशी प्रज्ञा प्रतिष्ठानको प्रज्ञा समितिको गठनः**

(१) थुलुङ दुधकोशी प्रज्ञा प्रतिष्ठानको विशिष्ट निकायको रुपमा एक प्राज्ञ समिति रहने छ।

(२) प्रज्ञा समितिमा १३ जना रहने छन। प्रज्ञा समितिको गठन देहायबमोजिम हुने छः

| | |
|---|---|
| प्राज्ञ संयोजक | १ जना |
| प्राज्ञ सदस्य | १२ जना |

(३) गाउँपालिका क्षेत्र भित्र रहेका भाषा- साहित्य ललितकला-चित्रकला, मुर्तिकला, हस्तकला, लोककला, वास्तुकला, नाट्य, चलचित्र, संस्कृति, दर्शन, इतिहास, समाजशास्त्र आदिसँग संम्वन्धित व्यक्तिहरु मध्येबाट समावेशितालाई समेत ध्यानमा राखी प्राज्ञ सदस्यमा दफा १२ (३) बमोजिम मनोनयन गरेका १२ जना सदस्य।

(४) शिक्षा शाखा प्रमुख वा निजले तोकेको शिक्षा शाखाको कर्मचारी - पदेन सदस्य

(५) उपदफा २, ३, ४ बमोजिम मनोनित संयोजक र सदस्यहरुको पदावधि ४ वर्षको हुनेछ।

(६) कुनै कारणले प्राज्ञ समितिका मनोनित सदस्यको पद रिक्त हुन आएमा बाँकी कार्यकालका लागी त्यस्तो सदस्य जुन विधा क्षेत्रबाट मनोनयन भएको हो। सोही विधा क्षेत्र र प्रक्रियबाट अर्को व्यक्तिलाई मनोनयन गरिने छ।

**८. गाउँपालिका प्रज्ञा समितिको काम, कर्तव्य र अधिकारः** प्रज्ञा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छः

(१) थुलुङ दुधकोशी प्रज्ञा प्रतिष्ठानलाई प्राप्त हुने वार्षिक योजना, बजेट तथा कार्यक्रम स्वीकृत तथा निर्माण गर्ने।

(२) थुलुङ दुधकोशी प्रज्ञा प्रतिष्ठानका काम कर्तव्य तथा जिम्मेवारीहरू निर्धारित समयमै सम्पन्न गर्ने गराउने।

(३) पदेन सचिवले पेश गरेको वार्षिक कार्यक्रम बजेट प्रगति प्रतिवेदन तथा कार्यक्रमहरुका सम्वन्धमा छलफल तथा आवश्यकतानुसार संसोधन गरी अनुमोदन गर्ने।

(४) विद्त्वृत्ति सम्मान तथा पुरस्कार अनुमोदन गर्ने।

(५) प्रतिष्ठानलाई आवश्यक निर्देशन र मार्गदर्शन गर्ने।

(६) प्रतिष्ठानको कामको अनुगमन तथा मुल्याङ्कन गर्ने।

(७) प्रज्ञा संयोजक कार्यकारी प्रमुख हुने छ।

(८) प्रज्ञा समितिको बैठकले समितिका सदस्य संयोजक रहने गरी प्रज्ञा सभाका सदस्यहरु मध्येबाट साहित्य, ललितकला, लोककला, हस्तकला, वास्तुकला, चित्रकला, मुर्तिकला, गित संगीत, नाट्य तथा चलचित्र, मातृभाषा तथा लोकवार्ता, इतिहास, ज्ञान-विज्ञान, दर्शनशास्त्र, समाजशास्त्र विभाग वा उपसमितिको गठन गर्न सक्नेछ।

(९) समय समयमा गाउँ कार्यपालिकाद्वारा दिएका निर्देशनहरू पालना गर्ने गराउने।

(१०)तोकिए बमोजिमका काम गर्ने।

**९. प्राज्ञ समितिको बैठक सम्बन्धि बैठक व्यवस्थाः**

(१) प्रज्ञा समितिको बैठक प्रत्येक दुई महिनामा कम्तिमा १ पटक बस्ने छ। बैठक बस्नु अघि बैठक बस्ने स्थान, मिति, समय र छलफलको कार्यसुचि सहितको सुचना समितिका पदेन सचिवले सदस्यहरुलाई कम्तिमा ७२ घण्टा पहिले नै दिनु पर्नेछ।

(२) प्रज्ञा समितिमा तत्काल कायम रहेका सदस्य संख्याको ५१ प्रतिशत सदस्यहरु उपस्थित भएमा सभाको बैठकका लागी गणपुरक संख्या पुगेको मानिने छ।

(३) प्रज्ञा समितिको बैठकको अध्यक्षता प्राज्ञ समिति संयोजकले गर्ने छन।

(४) प्रज्ञा समितिको बैठकमा बहुमतको राय मान्य हुने छ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिने छन।

(५) प्रज्ञा समितिको बैठकको निर्णय प्रज्ञाको प्राज्ञ संयोजकले प्रमाणित गरी राख्ने छन।

(६) प्रज्ञा समितिको बैठक सम्बन्धि अन्य कार्यविधि सभा आफैले निर्धारण गरे बमोजिम हुने छ।

१०. <u>सिफारिस समिति तथा मनोनयनः</u>

(१) थुलुङ दुधकोशी प्रज्ञा प्रतिष्ठानको प्राज्ञ संयोजक तथा प्राज्ञ सदस्यहरुको मनोनयनका लागी गाउँपालिका समक्ष सिफारिस गर्न गाउँपालिका अध्यक्षले यस क्षेत्र हेर्न तोकेको वडा अध्यक्षको संयोजकत्वमा पालिका प्रमुखले तोकेका प्रतिष्ठित साहित्यकार एक जना र ललितकला, संगीत, नाट्यविधाका प्रतिष्ठित कलाकार १ जना सम्मिलित ३ सदस्य सिफारिस समिति गठन गरिने छ।

(२) उपदफा १ बमोजिम गठित सिफारिस समितिले पालिका भित्र रहेका संस्कृति, ललितकला, साहित्य, नाट्य, ज्ञान विज्ञान, लोककला, हस्तकला, वास्तुकला, दर्शनशास्त्र तथा सामाजिक शास्त्र सम्वन्धि विधामा कम्तिमा ५ वर्ष देखी क्रियाशिल रहेका सम्वन्धित विषयमा कृतिहरु प्रकाशन गरेका प्रदर्शनी गरेका प्राज्ञिकक्षेत्रमा विशिष्ट पहिचान बनाएका ख्यातिप्राप्त व्यक्तिहरुमध्येबाट सम्भव भए सम्म भाषा, साहित्य, ललितकला, गितसंगीत, नाटक, ज्ञानविज्ञान, संस्कृति, दर्शन तथा समाजशास्त्र सम्बन्धि सबै विधाबाट प्रतिनिधित्व हुने र जाति लिङ्ग भाषाभाषी समेतलाई समेट्ने गरी उपयुक्त नाम चयन गरी गाउँपालिका प्रमुख समक्ष सिफारिस गर्ने छ।

(३) सिफारिस समितिबाट सिफारिस भई आएका योग्यता पुगेका व्यक्तिहरुलाई गाउँपालिका अध्यक्षबाट दफा ७ को उपदफा २ तथा दफा १० को उपदफा २ बमोजिम गाउँपालिकामा प्रज्ञा प्रतिष्ठानको प्रज्ञा समिति गठन गरिने छ। प्राज्ञ समितिका सदस्यहरुको योग्यता देहाय बमोजिम हुने छ।

(क) **प्राज्ञ संयोजक**

(१) थुलुङ दुधकोशी गाउँपालिका भित्रका नेपाली नागरिक।

(२) कम्तिमा एउटा कृति प्रकाशन गरेको।

(३) ३४ वर्ष उमेर पुगेको।

(४) कुनै फौजदारी अभियोग नलागेको।

(५) उल्लेखित क्षेत्रमा विशिष्ट योगदान पु-याएको।

(ख) **प्राज्ञ सदस्य**

(१) थुलुङ दुधकोशी गाउँपालिका भित्रका नेपाली नागरिक।

(२) भाषा साहित्य कला संस्कृति गित संगित आदी कुनै क्षेत्रमा लागेको।

(३) २५ वर्ष उमेर पुगेको।

(४) कुनै फौजदारी अभियोग नलागेको।

## परिच्छेद-४

## संरक्षकत्व

**११. प्रमुख संरक्षकः**

(१) गाउँपालिका अध्यक्ष थुलुङ दुधकोशी प्रतिष्ठानको प्रमुख संरक्षक रहनेछन।

(२) गाउँपालिका अध्यक्षले कुशल अभिभावकको भुमिका निर्वाह गरी प्रतिष्ठानको वार्षिक कार्यक्रम सञ्चालनका लागी आवश्यक आर्थिक तथा प्रशासनिक खर्च विनियोजन गरी त्यसको अनुगमन गर्ने दायित्व हुनेछ।

(३) गाउँपालिकाद्वारा थुलुङ दुधकोशी प्रज्ञा प्रतिष्ठान ऐन दफा १२ (३) बमोजिम गठित प्रज्ञा समितिले प्रस्तुत गरेका प्रस्तावहरुलाई सहजिकरण गर्नु गाउँपालिका अध्यक्षको दायित्व हुने छ।

**१२. संरक्षकः**

(१) गाउँपालिका उपाध्यक्ष थुलुङ दुधकोशी प्रज्ञा प्रतिष्ठानको संरक्षक रहने छन।

(२) गाउँपालिका अध्यक्षद्वारा अनुमोदित कार्यक्रमहरुलाई सहजिकरण गर्ने छन।

(३) गाउँपालिका अध्यक्ष (प्रमुख संरक्षक) को अनुपस्थितिमा परिच्छेद ४ को दफा १३ उपदफा १,२ र ३ बमोजिम कार्य सम्पादन गर्नु आफ्नो प्रमुख दायित्व हुने छ।

## परिच्छेद-५

## थुलुङ दुधकोशी प्रज्ञा प्रतिष्ठानका पदाधिकारी तथा सदस्यसम्बन्धी व्यवस्था

**१३. सल्लाहकार समितिः** यस गाउँपालिका भित्रका प्रज्ञा प्रतिष्ठान सम्बन्धि जुनसुकै विधाका नागिरक मध्येबाट १ संयोजक सहित ३ सदस्य सल्लाहकार समिति गठन गर्न सक्नेछ।

**१४. संस्थापक/आजिवन/मानार्थ/साधारण सदस्यः** यस प्रतिष्ठानको स्थापना कालको समिति स्वतः संस्थापक पदाधिकारीहरु एवं सदस्य हुनेछन भने थप आवश्यक मापदण्डहरु पारित गरी योग्य नागरिकहरु मध्येबाट आजिवन, मानार्थ, साधारण सदस्य मनोनयन गर्न सकिने छ।

**१५. प्राज्ञ संयोजक**

(१) दफा १२ बमोजिम प्राज्ञ संयोजकको नियुक्ति गरिने छ।

(२) प्राज्ञ संयोजक थुलुङ दुधकोशी प्रज्ञा प्रतिष्ठानका प्रमुख पदाधिकारी हुनेछन।

(३) प्राज्ञ संयोजकको काम कर्तव्य र अधिकारः

(क) गाउँपालिकाको गाउँसभा, गाउँ कार्यपालिका तथा प्राज्ञ समितिले दिएको निर्देशन, गरेका निर्णयको कार्यान्वयन गर्ने र गराउने।

(ख) वार्षिक कार्यक्रम बजेट कार्यक्रमहरु प्रगति प्रतिवेदन तयार गर्ने र गराउने।

(ग) स्वदेशी तथा विदेशी संघ संस्थाहरुसँग थुलुङ दुधकोशी प्रज्ञा प्रतिष्ठानको कामसँग सम्बन्धित विषयमा सम्पर्क समन्वय गर्ने र गराउने।

(घ) तोकिए बमोजिमका अन्य काम गर्ने गराउने।

**१६. प्राज्ञ सदस्य**

(१) थुलुङ दुधकोशी प्रज्ञा प्रतिष्ठानको काम कारवाहीलाई व्यवस्थित ढंगले सञ्चालन गर्न दफा १२ बमोजिम प्राज्ञ सदस्यको नियुक्ति गरिने छ।

(२) प्राज्ञ सदस्य को काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछः

(क) बैठकमा उपस्थित भई छलफल र निर्णयमा सहभागी हुने।

(ख) नीति तथा कार्यक्रम निर्माण गर्ने कार्यमा सहयोग गर्ने।

(ग) प्रतिष्ठानको हित अनुकुल आफुलाई जिम्मा दिएका अन्य कामहरु गर्ने।

(घ) प्रतिष्ठानको हिसाव किताव दुरुस्त राख्न सदैव सजग रहने।

(ङ) प्रतिष्ठानका निर्णयहरु अन्य सदस्यहरुलाई जानकारी गराउने।

(च) प्रमुख संरक्षक, संरक्षक एवं समितिले तोकेको कार्य गर्ने।

(छ) प्रतिष्ठानको सम्पुर्ण अभिलेख अध्यावधिक गर्ने सजग रहने।

**१७. <u>पदरिक्त हुनेः</u>**

(१) देहायका अवस्थामा थुलुङ दुधकोशी प्रज्ञा प्रतिष्ठानका प्राज्ञ संयोजक, प्राज्ञ सदस्यका पद रिक्त रहेको मानिने छ।

(क) निजको पदावधि समाप्त भएमा।

(ख) निजले राजिनामा दिएमा।

(ग) निजको मानसिक अवस्था ठिक नभएमा।

(घ) निजले नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा।

(ङ) निज दफा २१ बमोजिम हटेमा।

(च) निजको मृत्यु भएमा।

**१८. <u>पदबाट हटाउन सक्नेः</u>**

(१) थुलुङ दुधकोशी प्रज्ञा प्रतिष्ठानका पदाधिकारी तथा सदस्यहरुले ऐनको उद्देश्य बमोजिम काम नगरेको वा आफ्नो पद अनुकुलको आचरण नगरेको वा इमानदारी पुर्वक कार्य नगरेको वा निजमा कार्य क्षमताको अभाव भएको कारण देखाई प्रज्ञा समितिमा तत्काल कायम रहेका कम्तिमा एक चौथाइ सदस्यले गाउँपालिका प्रमुख समक्ष लिखित निवेदन दिएमा गाउँपालिका प्रमुखले एक छानविन समिति गठन गर्ने छ।

(२) उपदफा ९ बमोजिम गठित छानबिन समितिले सो सम्वन्धमा छानबिन गरी आफ्नो प्रतिवेदन गाउँ प्रमुखसमक्ष पेश गर्नेछ।

(३) उपदफा २ बमोजिम पेश भएको प्रतिवेदनबाट निजलाई पदबाट हटाउन उपयुक्त लागेमा (दोषी करार भएमा) गाउँपालिका प्रमुखले हटाउन सक्ने छन।

(४) थुलुङ दुधकोशी प्रज्ञा प्रतिष्ठानका प्राज्ञ संयोजक तथा थुलुङ दुधकोशी प्रज्ञा प्रतिष्ठानका अन्य सदस्यहरुलाई पदबाट हटाउन अघि सफाइको मौका दिनुपर्ने छ।

१९.<u>सचिवालयः</u>

(१) थुलुङ दुधकोशी प्रज्ञा प्रतिष्ठानको सचिवालय गाउँपालिकाले तोकेको स्थानमा रहने छ।

(२) थुलुङ दुधकोशी प्रज्ञा प्रतिष्ठानको वार्षिक प्रतिवेदन प्राज्ञ संयोजक मार्फत गाउँपालिका प्रमुख (प्रमुख संरक्षक) समक्ष पेश हुनेछ।

(३) सचिवालयमा आवश्यकतानुसार अन्य कर्मचारीहरु रहन सक्ने छन।

## परिच्छेद-६

## कोष तथा लेखापरीक्षण

२०. <u>कोष सम्वन्धी व्यवस्थाः</u>

(१) प्रतिष्ठानको एउटा छुट्टै कोष रहने छ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहने छनः

(क) गाउँपालिकाबाट प्राप्त रकम,

(ख) संघीय तथा प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) स्वदेशी तथा विदेशी संघ संस्था र व्यक्तिहरुबाट प्राप्त रकम,

२१. <u>लेखा र लेखा परिक्षणः</u>

(१) आयव्ययको लेखा प्रचलित कानून बमोजिम हुनेछ।

(२) प्रतिष्ठानको लेखापरिक्षण गाउँपालिकाले गराउने छ।

(३) गाउँपालिकाले चाहेको जुनसुकै बखत पनि प्रतिष्ठानको हिसाब किताब जाच्न वा जचाउन सक्नेछ।

२२. <u>वार्षिक प्रतिवेदनः</u> प्रतिष्ठानले वर्षभरी सम्पादन गरेका कामको संक्षिप्त विवरण, समितिले गरेका आम्दानी तथा खर्च, कामकारबाही गर्दा देखिएको समस्या, लेखा परिक्षकको प्रतिवेदनमा उल्लिखित संक्षिप्त व्यहोरा तथा भविष्यमा सञ्चालन गर्ने योजना तथा कार्यक्रमसमेत समावेश गरी प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र गाउँपालिकासमक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ।

## परिच्छेद-७

## विविध

२३. **अधिकार प्रत्यायोजनः** प्रतिष्ठानले आवश्यकता अनुसार केही अधिकार प्रज्ञा समितिका प्राज्ञ संयोजक, प्राज्ञ सदस्य वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

२४. **नियमः** गाउँपालिकाले यस ऐनको उद्धेश्य कार्यान्वयन गर्न नियम, नियमावली, कार्यविधी र निर्देशिका निर्माण गर्न सक्नेछ।

२५. **समन्वयः** गाउँपालिकासँगको समन्वय तथा सम्पर्कको कार्य गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखा मार्फत राख्नुपर्दछ।

२६. **विवाद समाधानः** प्रतिष्ठानको काम, कर्तव्य तथा अधिकार सम्बन्धी द्विविधा, विवाद उत्पन्न भएमा गाउँपालिका अध्यक्षको संरक्षकत्वमा विवाद समाधान गरिने छ।

२७. **शपथः** थुलुङ दुधकोशी प्रज्ञा प्रतिष्ठानका प्राज्ञ संयोजक तथा प्राज्ञ सदस्यहरूले अनुसूची १ बमोजिम गाउँपालिका प्रमुख समक्ष शपथ लिनुपर्नेछ।

२८. **पदाधिकारी तथा सदस्यहरुको सेवा सुविधाः** यस प्रतिष्ठानको पदाधिकारी तथा सदस्यहरुको सेवा सुविधा गाउँपालिकाले तोकेबमोजिम हुनेछ।

२९. **छुट्टै लोगो, छाप, चिन्ह सम्बन्धी व्यवस्थाः** थुलुङ दुधकोशी प्रज्ञा प्रतिष्ठानले छुट्टै प्रतीक चिन्ह, लोगो, लेटर प्याड तथा छापको प्रयोग गर्न सक्ने छ।

**अनुसुची-१ शपथ**

**(दफा २७ सँग सम्वन्धित)**

म.......................................... सत्य र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापुर्वक प्रतिज्ञा गर्दछु ईश्वर/देश र जनताको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा मात्र निहित रहेको नेपालको संविधान प्रति पुर्ण वफादार रही थुलुङ दुधकोशी प्रज्ञा प्रतिष्ठानको..................................पदको कामकाजमा प्रचलित कानुनको अधीनमा रही कसैको डर नमानी, पक्षपात नगरी, कसै प्रति पूर्वाग्रह वा खराब भावना नलिई इमानदारीका साथ गर्ने छु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानुनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन।

***"जय थुलुङ दुधकोशी प्रज्ञा प्रतिष्ठान, जय थुलुङ दुधकोशी गाउँपालिका""***

नामथरः .........................................      दस्तखतः .........................................

मितिः

**शपथ गराउनेकोः**

नाम,थरः .........................................      दस्तखतः .........................................

पदः प्रमुख संरक्षक्/अध्यक्ष

मितिः

## अनुसुची- २ प्रतीक चिन्ह

## दफा २९ सँग सम्वन्धित

(१) गोलाकार चिन्ह भित्र नेपालको नक्शा।

(२) गोलाकार वरिपरि नेपाली भाषामा थुलुङ दुधकोशी प्रज्ञा प्रतिष्ठान,थुलुङ दुधकोशी गाउँपालिका मुक्ली, सोलुखुम्बु, कोशी प्रदेश, नेपाल र अंग्रेजी भाषामा **Thulung Dudhkoshi Academy, Thulung Dudhkoshi Rural Municipality Mukli, Solukhumbu, Koshi Province Nepal** लेखिएको हुनेछ।

(३) अन्तिममा स्थाः २०८१ र अंग्रेजीमा **Estd.२०२५** लेखिएको हुनेछ।

(४) नेपालको नक्शा भित्र आफ्नो स्थानमा गाउँपालिकाको नक्शा र गाउँपालिकाको लोगो, चार तिरबाट एक एकवटा हातले कलम समाएर लेखिरहेको चिन्ह हुनेछ।

आज्ञाले,
प्रसन्नदीप राई
प्रमुख प्रशासकीय अधिकृत